मो.नं. ९८५४०४१८९२

# घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हाकु, सिन्धुली
वागमती प्रदेश, नेपाल

**गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत बीचको कार्यसम्पादन करार सम्झौता ।**

सुशासन (व्यवस्थस्थापन तथा सञ्चालन) ऐन, २०६५ निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवम परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त देहाय बमोजिमका कार्य सम्पादन करार सम्झौतामा गाउँपालिकाका अध्यक्ष पहिलो पक्ष र प्रमुख प्रशासकीय अधिकृत दोश्रो पक्ष बीच मिति २०७७।४।७ मा यो कार्यसम्पादन करार सम्झौता भएको छ ।

देहाय:

१. गाउँ सभाबाट पारित निर्णयको कार्यन्वयनको प्रगति तथा विकास आयोजनाको कार्यन्वयनको प्रगति विवरण दोश्रो पक्षले पहिलो पक्षलाई चाहेको बखत पेश गर्ने तथा कार्यपालिकाका हरेक बैठकमा समिक्षाका लागि पेश गर्नु पर्ने छ ।
२. कार्यालय व्यवस्थापनमा नयाँ प्रविधि र सीपको उपयोग गरी छिटो छरितो रुपमा सेवा प्रवाह गर्नु पर्नेछ ।
३. वित्तीय सुशासन कायम राख्न प्रचलित आर्थिक कानूनहरुको पालना सहित प्रयत्नशील रहनुपर्नेछ ।
४. "म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिने छैन" भन्ने शुन्य शहनशीलतालाई कार्यान्वयन गर्नु पर्नेछ ।
५. स्थानीय तहलाई आवश्यक पर्ने ऐन, कानून निर्माण गरी विधेयक समिति समक्ष पेश गर्नु पर्नेछ ।
६. आफू मातहतका कर्मचारीलाई कार्य सम्पादन क्षमता अभिवृद्धि गर्न आवश्यक प्रशिक्षण दिलाउनु पर्नेछ ।
७. वडा तहका कर्मचारीलाई सरकार र जनता प्रति उत्तरदायी हुने गरी प्रशिक्षित गर्ने, प्रोत्साहन गर्ने कार्य प्रगति प्रति उत्तरदायी बनाउन प्रयत्न गर्नु पर्नेछ ।
८. स्थानीय स्तरका तथ्याङ्कहरुलाई अभिलेखिकरण र प्रमाणित गरी अध्यावधिक गर्नु पर्नेछ ।
९. विकास निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा कम्तिमा ८० प्रतिशत वित्तिय तथा भौतिक प्रगति प्राप्त हुने गरी व्यवस्थित गर्नु पर्नेछ ।
१०.संस्थागत विद्यालयको समायोजन कार्य गर्नु पर्ने भएमा आवश्यक्ता अनुसार समायोजन गराई पालिकाको शिक्षा नीति निर्माण गर्न उल्लेखनीय सहयोगको भूमिका निभाउनु पर्नेछ ।
११. सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि तोकिएको समयमा सार्वजनिक सुनुवाई, अर्धवार्षिक/वर्षिक समिक्षा गर्नु पर्नेछ ।
१२. आन्तरिक आयलाई दिगो र विश्वसनीय बनाउन कानूनी( नीति बनाउने र त्यसको परिचालन गरी सुव्यवस्थित गर्ने तर्फ प्रयत्नशील रहनुपर्छ ।
१३. विशेष परिस्थितिमा बाहेक कार्यालय वा कार्यक्षत्र भन्दा बाहिर नरहने वातावरण सृजना गर्नु पर्छ ।
१४.कार्यालयको लेखा प्रणाली SUTRA प्रणालीमा आवद्ध गराई लेखा राख्ने व्यवस्था समयमा नै गरी लेखापरीक्षण गरी प्रतिवेदन पहिलो पक्ष समक्ष पेश गर्ने, कार्यापालिकामा समिक्षा गराउने जस्ता कार्यहरु व्यवस्थित गर्नुपर्नेछ ।
१५. बेरुजु फछ्र्योट तर्फ सबै पक्षलाई समावेश गरी सहयोग लिई फछ्र्यौट गर्न अग्रणी भूमिका निर्वाह गर्नु पर्नेछ ।
१६. स्वास्थ्य क्षेत्रमा मातृशिशु सुरक्षा अभियान, पोषण अभियान, घरदैलो अभियान जस्ता कार्यलाई थप प्रभावकारी बनाउदै दिगोपना ल्याउनमा भूमिका निर्वाह गर्नुपर्दछ ।
१७.कृषि पशु तर्फ पालिकाले लिएका नीति कार्यक्रम तथा कृषक समक्ष जाने विभिन्न अनुदानका कार्यक्रमहरु उचित समयमा कृषक समक्ष उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।
१८.लक्षित समूहका कार्यक्रमहरु कार्यपालिकाको प्रत्यक्ष निगरानीमा यथा सम्भव समयमै सम्बन्धित समूहमा कार्यान्वयन गर्नु पर्नेछ ।
१९.आर्थिक विकासका क्षेत्रमा तय भएका कार्यक्रमहरु प्रतिफल प्राप्त हुने ढंगले आ.व.भित्रै कार्यान्वयनको चरणमा लैजानु पर्नेछ ।
२०.बालमैत्री, अपाङ्ग मैत्री तथा वातावरण मैत्री स्थानीय शासनको प्रयासलाई आवश्यक नीति कानूनका आधारमा पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्नेछ ।
२१. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङकन कार्याविधिका सूचकहरु स्थानीय तहका सबै क्षेत्रलाई जानकारी गराई पूर्ण रुपमा कार्यन्वयन गर्नु पर्नेछ ।
२२. राजनीति प्रति तटस्थ रही सेवाप्रति इमान्दार रहनुपर्नेछ ।
२३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय जनप्रतिनिधि र स्थानीय नागरिक प्रति जिम्मेवार जावफदेही मूलक ढंगले कार्यसम्पादन गर्नुपर्नेछ ।
२४. कार्यालयको कार्य सम्पादन क्षमता अभिवृद्धि गर्न भौतिक पूर्वधारको व्यवस्था, पदपूर्ति, होर्डिङ बोर्ड, सूचनाबोर्ड जस्ता सुशासनका सूचकहरु नियमित रुपमा व्यवस्थित गर्नुपर्नेछ ।



कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलान
अध्यक्ष

मो.नं. ९८५४०४१८९२

# घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली

वागमती प्रदेश, नेपाल

२५. कार्यालयका महत्वपूर्ण सूचना तथा तथ्याङ्कहरु अद्यावधिक गरी नियमित रुपमा website मा राख्नुपर्नेछ ।

२६. कार्यालयको वार्षिक प्रगति प्रतिवेदन आ.व. समाप्त भएको कम्तिमा १ महिना भित्रमै समीक्षाका लागि कार्यापालिकामा पेश गर्नुपर्नेछ ।

२७. अन्य कुरा प्रचलित कानून र स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| ............... | ............... |
| जगत बहादुर भोलन | राम कुमार कार्की |
| गाउँपालिका अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |

मिति २०७७ श्रावण ७ गतेमा